लेखापरीक्षण बुलेटिन

महालेखा परीक्षकको कार्यालयको मासिक प्रकाशन

वर्ष १, अंक ५, २०७४ मंसिर (Year 1, Issue 5, Nov./Dec. 2017)

महालेखा परीक्षकको कार्यालय भवन शिलान्यास



सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूद्वारा काठमाडौंको अनामनगरमा निर्माण हुन गईरहेको महालेखा परीक्षकको कार्यालय भवन शिलान्यास हुदै ।

२०७४ मंसिर १८ गते

सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूले काठमाडौंको अनामनगरमा निर्माण हुने महालेखा परीक्षकको कार्यालय भवन एक कार्यक्रमका बीच शिलान्यास गर्नुभयो । कार्यक्रममा संवैधानिक निकायका प्रमुख तथा पदाधिकारीहरु, नेपाल सरकारका मुख्य सचिव तथा सचिवहरु, सुरक्षा निकायका पदाधिकारीहरु लगायत अन्य अतिथीहरुको उपस्थिति रहेको थियो ।

सो अवसरमा सम्माननीय राष्ट्रपतिज्यूले संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको भविष्य र सपनालाई साकार पार्न तथा राज्यको स्रोत साधनको प्राप्ति एवं उपयोगको प्रक्रियालाई निगरानी र मार्गदर्शन गर्न महालेखा परीक्षकको कार्यालयको महत्वपूर्ण भुमिका रहेको उल्लेख गर्नुभयो । त्यसैले कार्यालयले सार्वजनिक सेवा प्रवाह, दिगो विकास र वातावरण, उत्पादन तथा उत्पादकत्व वृद्धि, सामाजिक सेवा, जनस्वास्थ्य र सार्वजनिक वित्तीय व्यवस्थापनको सवल र दुर्वल पक्षहरुको विश्लेषण गर्ने, आर्थिक कारोबारका नतिजाहरुमा राय र सुझाव प्रदान गर्ने कार्यमा ध्यान दिनुपर्ने बताउनुभयो । साथै भवन निर्माण कार्य तोकिएकै समयमा सम्पन्न गर्न सम्बन्धित पक्षहरुको ध्यानाकर्षण गराउनु भएको थियो ।

क्रमशः पेज ११ मा

यस भित्र .....

क्र.सं.	विषय	पेज नं.
१.	सम्मानीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूले महालेखा परीक्षकको कार्यालय भवन शिलान्यास समारोहमा दिनु भएको मन्तव्य	३
२.	महालेखा परीक्षक र संयुक्त राज्य अमेरीकाका कम्प्ट्रोलर जनरल बीच भेटघाट	४
३.	संयुक्त राज्य अमेरीका स्थित नेपाली राजदुतावासको निरीक्षण	५
४.	अडिट एकाउन्टाविलिटी सम्मेलनमा महालेखा परीक्षकको सहभागिता	५
५.	माननीय महालेखा परीक्षकज्यूबाट लेखापरीक्षण डोरलाई निर्देशन	७
	कार्तिक महिनाको कार्यालय गतिविधिहरु	११
६.	२०७४ कार्तिक र मंसिर महिनामा विभिन्न वैदेशिक तालिम तथा कार्यक्रममा सहभागी कर्मचारीहरु	१४
७.	कर्मचारी विदाई	१६
८.	सार्वजनिक अनुरोध	१६

संरक्षक
माननीय महालेखा परीक्षक
श्री टंकमणि शर्मा (दंगाल)

सल्लाहकार
उप-महालेखा परीक्षक
श्री इश्वर नेपाल

सम्पादक मण्डल
संयोजक
श्री उद्धवचन्द्र श्रेष्ठ

सदस्य
श्री महेश पौड्याल
श्री श्यामप्रसाद भण्डारी
श्री दिपक आचार्य
श्री शंकरबाबु आचार्य
श्री नीलम साह

प्रकाशक
महालेखा परीक्षकको कार्यालय
बबरमहल, काठमाडौं ।
फोन नं. ०१-४२६६०३४
फ्याक्स नं. ०१-४२६८३०९
E-mail: oagnep@ntc.net.np
info@oag.gov.np
Website: oagnep.gov.np

सम्पादकीय .....

नेपालको संविधान अनुसार मुलुक संघीय शासन प्रणाली अनुरुप स्थानीय, प्रादेशिक र संघीय सरकारको संरचनामा रुपान्तरित भई सकेको छ । जस अनुसार हाल स्थानीय तहको निर्वाचन सम्पन्न भई निर्वाचित जनप्रतिनिधिहरुले कार्य प्रारम्भ गरिसकेका छन् भने प्रदेश र संघीय तहको निर्वाचन सम्पन्न भईसकेको छ । जसबाट मुलुकमा लोकतान्त्रिक पद्दति संस्थागत हुने अपेक्षा गरिएको छ ।

हाल सार्वजनिक सेवाको प्रवाह र जनताका समस्या तथा गुनासाहरु सम्बोधन गर्न मुलुकमा ७५३ वटा स्थानीय तहहरु मार्फत स्थानीय सरकारको कार्य भई रहेको छ । यसै सन्दर्भमा बजेट कार्यान्वयनका लागि संघीय सरकारबाट अनुदानको रुपमा हस्तान्तरण भएको रकम र स्थानीय तहको आन्तरिक स्रोत गरी पूँजीगत तथा चालु बजेटको ठूलो हिस्सा स्थानीय तहबाट परिचालित र व्यवस्थापन हुन गईरहेको छ ।

हाल स्थानीय तहको राजनैतिक स्थिरता, सुशासन, वित्तीय अनुशासन, जवाफदेहिता साथै स्थानीय तहको संस्थागत एवं क्षमता विकास जस्ता विषयहरु चुनौतीको रुपमा रहेका छन् । त्यसैले विद्यमान अवस्थामा विकास र सुशासन प्रवर्द्धनको जिम्मेवारी निर्वाह गर्न स्थानीय तहले सम्पादन गर्ने कार्य, सेवा प्रवाह, बजेट निर्माण र सोको प्रभावकारी कार्यान्वयन बारे उत्पन्न भएका सन्देहहरुको निवारण गर्ने तर्फ सम्बन्धित निकायले ध्यान दिनु पर्दछ । ताकि स्थानीय तहबाट परिचालित हुने स्रोत साधनको अधिकतम् सदुपयोग भई जनचाहना अनुसार सेवा प्रवाह गरी आर्थिक, सामाजिक तथा राजनैतिक विकास गर्न सकोस् ।

उपर्युक्त विषयहरुलाई मध्यनजर गर्दै अर्थ मन्त्रालयले स्थानीय तहमा बजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ जारी गरेको छ। यसको अलावा स्थानीय तहको लेखापरीक्षण गर्ने संवैधानिक जिम्मेवारी पाएको महालेखापरीक्षकको कार्यालयले समेत लेखापरीक्षणको क्रममा त्यस्ता विषयहरुलाई महत्वका साथ मूल्यांकन र विश्लेषण गरी आवश्यक सुधारका लागि राय सहितको प्रतिवेदन जारी गर्नुपर्दछ। जसबाट स्थानीय तहमा वित्तीय अनुशासन र जवाफदेहिताको स्थितिलाई सबल बनाउन सकिने अपेक्षा गर्न सकिन्छ ।

२०७४ मंसिरमा भएको प्रदेश सभा र प्रतिनिधी सभाको निर्वाचन तथा अन्य प्राविधिक कारणले कार्तिक महिनाको बुलेटिन प्रकाशन हुन नसकेको कारण कार्तिक महिनाका गतिविधिहरु समेत यसै बुलेटिनमा समावेश गरिएको छ ।

माननीय महालेखा परीक्षकज्यूको सन्देश



महालेखा परीक्षकको कार्यालय स्थापना काल देखि नै ऐतिहासिक भवन बबरमहलमा रही आएकोमा २०७२ बैशाख १२ को भुकम्प पश्चात् सो भवन बस्न अयोग्य भएकोले भाडामा भवन लिई पुल्चोक, बबरमहल र अनामनगरमा रहेको भवनबाट कार्य सञ्चालन हुदै आएको छ । एउटै कार्यालयका महाशाखा, महानिर्देशनालयहरु छरिएर रहेको कारण कार्य सञ्चालनमा कठिनाइ परेको छ। तालिम हल नभएका कारण नियमित तालिम तथा बैठक सञ्चालनमा समेत असर परेको छ। कार्यालयमा करिब ५०० कर्मचारी कार्यरत छन । अधिकांश कर्मचारीलाई न्यूनतम भौतिक पूर्वाधारहरुको अभाव रहेको, स्थान अभावको कारण धेरै कर्मचारी एकै ठाउँमा बसेर काम गर्नु परेको कारण कार्य वातावरणमा असर परेको छ । हाल पुल्चोकमा रहेको भवनको भाडाका लागि मात्र नेपाल सरकारले मासीक रु १२ लाख खर्च व्यहोर्नु परेको अवस्था छ । यस परिस्थितिमा आफुले कार्यभार सम्हालेको छ महिनाको अवधिमा नै सम्माननीय राष्ट्रपति महोदयलाई आमन्त्रण गरी महालेखा परीक्षकको कार्यालय भवन शिलन्यास गर्न पाउँदा मैले गौरवको महसुस गरेको छु। यो भवन निर्माण छिटो भन्दा छिटो सम्पन्न गरी कर्मचारीलाई काम गर्ने वातावरण सृजना गर्नु आजको आवश्यकता हो ।

भवन निर्माणको लागि नेपाल सरकारले अनामनगर काठमाडौंमा १० रोपनी १३ आना जग्गा उपलब्ध गराएको छ । सोही जग्गामा यो भवन २ तला जमिन मुनि र ७ तला जमिन माथि निर्माण हुनेछ । भवनको floor area १११५९ वर्ग मिटर हुनेछ । यस भवनको लागत अनुमान रु ६९ करोड २० लाख रहेकोमा उक्त काम रु ५४ करोड २२ लाखमा सम्पन्न गर्ने गरी निर्माण व्यवसायी लुम्बीनी/गौरी पावर्ती/शान्ती जे. भि. सँग मिति २०७३ श्रावण ३१ गते सम्झौता भएको छ । सम्झौता अनुसार भवन निर्माणको काम २०७६ भाद्र २० (अर्थात ३ बर्ष) मा सम्पन्न गर्नुपर्ने हुन्छ । निर्माण कार्यको सुपरभिजन शहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालय, काठमाडौंबाट भैरहेको छ ।

हाल ठेक्का सम्झौता भएको १६ महिना व्यतित भैसके तापनि करीब ६ महिना अघि २०७४ आषाढ देखि मात्र कार्यारम्भ हुनसक्यो । यो भवनको निर्माण कार्य तोकिएको समयभित्र सम्पन्न गर्न अत्यन्त तीव्र गतिमा काम गर्नुपर्ने अवस्था छ । यसको लागि नेपाल सरकार, निर्माण व्यवसायी र सम्बद्ध पक्षबाट सहयोग प्राप्त हुने अपेक्षा राखेको छु। अबको १८ देखि २१ महिना भित्र कार्य सम्पन्न गरी कार्यालय सार्ने अवस्थामा पुऱ्याउन निर्माण व्यवसायी श्री रामकुमार थापा लाई विशेष आग्रह गर्दछु ।

क्रमशः पेज ६ मा



सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूले महालेखा परीक्षकको कार्यालय भवन शिलान्यास पश्चात् ताम्रपत्र अनावरण गर्नुहुँदै ।



सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूले भवन शिलान्यास कार्यक्रममा सम्बोधन गर्नुहुदैं ।

सम्मानीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूले भवन शिलान्यास समारोहमा दिनु भएको मन्तव्य

माननीय महालेखा परीक्षक श्री टंकमणी शर्मा, संवैधानिक निकायका माननीय प्रमुख तथा पदाधिकारीहरु, राष्ट्र सेवकहरु, भद्रमहिला तथा सज्जनवृन्द !

- आज महालेखा परीक्षकको कार्यालय भवनको शिलान्यास समारोहमा उपस्थित हुन पाउँदा मलाई खुशी लागेको छ ।
- महत्वपूर्ण संवैधानिक अंगको यो भवन भूकम्प प्रतिरोधी, वातावरण मैत्री तथा हाम्रो साँस्कृतिकपन झल्किने गरी निर्माण हुन लागेकोमा महालेखा परीक्षक परिवारलाई बधाई तथा शुभकामना दिन चाहन्छु ।
- एकातर्फ समयानुसार संवैधानिक निकाय र सरकारी निकायहरुको दक्षता र क्षमता वृद्धि गर्न भौतिक संरचना र सुविधाहरुको प्रवर्द्धन गर्दै जानु जरुरी छ भने अर्कातर्फ २०७२ वैशाख १२ गतेको विनाशकारी भूकम्पबाट क्षति भएका अनेकौं संरचनाको यथाशीघ्र पुनर्निर्माण, पुनःस्थापना र मर्मत सम्भार गर्नु अत्यावश्यक भएको छ ।
- महालेखा परीक्षकको कार्यालय नेपालको संविधानले व्यवस्था गरेको एक प्रमुख संवैधानिक अंग हो ।
- महालेखा परीक्षकको कार्यालय सरकारी र सार्वजनिक आर्थिक कारोवारमा स्वच्छता, पारदर्शिता, जवाफदेहिता र विश्वसनीयताको प्रतीकका रुपमा रहिरहनु पर्दछ ।
- यो कार्यालयको सक्षमता र दक्षता जुन मात्रामा अभिवृद्धि हुन्छ त्यही स्तरमा देशको सुशासनमा प्रवर्द्धन हुन आउँछ ।
- सार्वजनिक खर्च तथा श्रोत व्यवस्थापनमा सुशासन कायम गर्न एवं वित्तीय जवाफदेहिताको प्रर्वद्धन गर्न नेपालको संविधानले निर्दिष्ट गरेका नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यको आधारमा लेखापरीक्षण गरी त्यसैको माध्यमबाट सार्वजनिक वित्तीय व्यवहारमा अनुशासन कायम गर्ने गराउने दायित्व यो कार्यालयको छ ।
- साथै सार्वजनिक सेवा प्रवाह, दिगो विकास र वातावरण, उत्पादन तथा उत्पादकत्व वृद्धि, सामाजिक सेवा, जनस्वास्थ्य र सार्वजनिक वित्तीय व्यवस्थापनको सबल र दुर्बल पक्षहरुको विश्लेषण गर्ने, आर्थिक कारोबारका नतिजाहरुमा राय र सुझाव दिने कार्यमा पनि यसको महत्वपूर्ण भूमिका रहन्छ ।
- महालेखा परीक्षकको कार्यालयले सरकारी तथा सार्वजनिक सम्पत्ति जस्तैः खेलकूद मैदान, पार्क तथा मनोरञ्जन स्थल, धार्मिक तथा सांस्कृतिक सम्पदा, जग्गाजमिन, राष्ट्रिय महत्वका भवन तथा संरचनाहरु, पाटीपौवा जस्ता धरोहर र पुरातात्विक सम्पदाहरुको संरक्षण तथा सम्बर्द्धन एवं सदुपयोगमा ध्यान पुऱ्याउनुपर्ने खाँचो रहेको छ ।

- यसैगरी सरकारी अनुदान प्राप्त निकायहरु तथा सर्वसाधारण नागरिकहरुसँग सरोकार रहेका संस्थान एवं गैरसरकारी संस्थाहरुको लेखापरीक्षण विधिलाई चुस्त दुरुस्त राख्ने तर्फ यथोचित ध्यान दिनुपर्दछ ।
- संविधानको व्यवस्था अनुरुप राज्यको संघ, प्रदेश र स्थानीय तहमा भइरहेको पुनः संरचना, राज्य शक्तिको बाँडफाँड, आर्थिक अधिकारको प्रयोग र राजस्व स्रोतको बाँडफाँड वितरण लगायत आर्थिक गतिविधिहरु आर्थिक रुपान्तरण तर्फ केन्द्रित भएको प्रसङ्गमा मुलुकको आर्थिक प्रशासनलाई उत्तरदायी र जवाफदेही बनाउनु महालेखा परीक्षकको प्रमुख चुनौती रहेको छ ।
- यस प्रसङ्गमा राज्यको स्रोत साधनको प्राप्ति एवं उपयोगको प्रक्रियालाई निगरानी, अनुगमन र मार्गदर्शन गर्न खटिएका लेखापरीक्षकहरुको कर्तव्य परायणता, इमान्दारिता र लगनशीलताले अहं भूमिका राख्ने कुरामा दुईमत हुन सक्दैन ।
- तपाइहरुसँग अन्तरक्रिया गर्दा मेरो मनमा बरोबर आउने एक विषय उठाउनु प्रासंगिक देख्दछु ।
- एकातिर हाम्रो प्रशासनिक असक्षमताको सूचकका रुपमा देशको विकासका लागि छुट्याइएको बजेटको ठूलो अंश खर्च हुन नसक्ने र प्रत्येक आर्थिक वर्षको अन्तमा त्यसै ल्याप्स हुने अवस्था छ भने अर्कातर्फ सार्वजनिक आर्थिक कारोवारमा बेरुजु चुलिँदोछ र आर्थिक अनुशासनहीनता, भ्रष्टाचार, गैर जवाफदेहिता र अनियमितता बढेको छ ।
- यो स्थितिमा सरकारको आर्थिक छवि कमजोर हुनुका साथै आमजनतामा सरकार र सरकारी संयन्त्रप्रति वितृष्णा बढेको छ ।
- विश्वव्यापी रुपमा समेत हाम्रो आर्थिक र सुशासनको साख गिरिरहेको छ ।
- यो स्थितिलाई बदल्दै सार्वजनिक आर्थिक कारोबारमा स्वच्छता, पारदर्शिता र जवाफदेहिता कायम कसरी गर्ने भन्ने सबैभन्दा ठूलो चुनौती यस कार्यालयको भएको मैले महसुश गरेको छु ।
- यस परिप्रेक्ष्यमा विश्वसनीयता र सुशासनको प्रत्याभूति गर्न यस कार्यालयले प्राथमिकताका साथ लाग्नुपर्ने देख्दछु ।

अन्तमा, शिलान्यास समारोह भव्यताका साथ संचालन गर्ने तर निर्माण कार्यमा सुस्तता आउने हाम्रो परम्परागत शैलीबाट यो कार्यालय भिन्न रहने आशा गर्दै निर्माण कार्य तोकिएकै समयमा पूरा हुने विश्वासका साथ यस समारोहमा आमन्त्रण गर्नुभएकोमा तपाईहरु सबैलाई धन्यवाद दिन चाहन्छु ।

महालेखा परीक्षक र संयुक्त राज्य अमेरीकाका कम्प्ट्रोलर जनरल बीच भेटघाट

माननीय महालेखा परीक्षक श्री टंकमणि शर्मा दंगालले मित्रराष्ट्र संयुक्त राज्य अमेरीका भ्रमणका क्रममा २०७४।८।१४ गते संयुक्त राज्य अमेरीकाका कम्प्ट्रोलर जनरल जेन एल. डोडारोसँग वासिङ्गटन डी.सी. स्थित Government Accountability Office मा भेटघाट गर्नुभयो । सो क्रममा नेपालका तर्फबाट उप-महालेखा परीक्षक श्री ईश्वर नेपाल र निर्देशक श्री अशोक कुमार कार्कीको समेत सहभागिता रहेको थियो ।

उक्त भेटमा दुई संस्था बीचको पारस्पारिक सम्बन्ध वृद्धिका क्षेत्रहरु, क्षमता विकास, आपसी अनुभवको आदान प्रदान बारे छलफल भएको थियो । छलफलका क्रममा कम्पट्रोलर जनरल डोडारोले नेपालको महालेखा परीक्षकको कार्यालयको कार्य प्रक्रियामा सुधार गर्न क्षमता विकास र आपसी हितका क्षेत्रहरु पहिचान गरी आवश्यक सहयोगको प्रतिबद्धता जनाउनु भएको थियो ।



माननीय महालेखा परीक्षकज्यू र संयुक्त राज्य अमेरीकाका कम्प्ट्रोलर जनरल छलफल गर्दै ।



माननीय महालेखा परीक्षकज्यू र संयुक्त राज्य अमेरीकाका कम्प्ट्रोलर जनरल छलफल पश्चात् सामुहिक तस्विर लिदैं ।

संयुक्त राज्य अमेरीका स्थित नेपाली राजदुतावासको निरीक्षण

माननीय महालेखा परीक्षक श्री टंकमणि शर्मा (दंगाल) ले मिति २०७४ मंसिर ९ मा संयुक्त राज्य अमेरीका स्थित नेपाली राजदुतावासको निरीक्षण गर्नुभयो । सो क्रममा माननीय महालेखा परीक्षकले कार्य प्रक्रियामा सुधार गर्दै गुणस्तरीय कुटनीतिक सेवा प्रवाह र लेखापरीक्षणबाट औंल्याईएका व्यहोराहरु उपर ध्यान आकृष्ट गराउँदै नेपाल तथा अमेरिका बीचको दिपक्षीय सम्बन्ध बिस्तार र आर्थिक कुटनीतिका क्षेत्रमा दुतावासले थप भूमिका खेल्नु पर्ने बताउनु भयो ।

आर्थिक वर्ष २०७३।७४ को लेखापरीक्षण २०७४।६।१९ देखि २७ सम्ममा सम्पन्न गरिएको छ । निर्देशक श्री अशोक कुमार कार्कीले राजदुतावासको लेखा परीक्षण गर्नुभएको थियो भने उप-महालेखापरीक्षक श्री ईश्वर नेपालले लेखापरीक्षण कार्यको सुपर्भिजन गर्नुभएको थियो ।



माननीय महालेखा परीक्षकज्यू र संयुक्त राज्य अमेरीका स्थित नेपालका राजदुत श्री अर्जुन कुमार कार्की सहितका पदाधिकारीहरु ।

यसै गरी महालेखा परीक्षकज्यूको समुपस्थितमा लेखापरीक्षण टोली र दुतावासक महामहिम राजदुत श्री अर्जुन कुमार कार्की लगायत राजदुतावासका कर्मचारीहरु बीच छलफल समेत भएको थियो । राजदुत श्री अर्जुन कुमार कार्कीले नेपाली राजदुतावासबाट सम्पादन गरिएका कार्य, सेवा प्रवाह र आर्थिक कुटनीति बारे प्रकाश पार्दै लेखापरीक्षणका क्रममा देखिएका व्यहोराहरु बारे आफ्नो धारणा व्यक्त गर्नु भएको थियो ।

अडिट एकाउन्टाविलिटी सम्मेलनमा महालेखा परीक्षकको सहभागिता

माननीय महालेखा परीक्षक श्री टंकमणि शर्मा (दंगाल) ले संयुक्त राज्य अमेरीकाको वासिङटन डी.सी. मा २०७४ मंसिर १२ र १३ गते International Budget Partnership ले आयोजना गरेको Audit Accountability विषयक सम्मेलन सहभागिता जनाउनुभयो । उक्त सम्मेलनमा उप-महालेखापरीक्षक श्री इश्वर नेपाल को समेत सहभागिता रहेको थियो ।

सम्मेलनमा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका सुझावहरु कार्यान्वयनका लागी नागरिक समाजको भूमिकाका सम्बन्धमा छलफल भएको थियो । यस सम्बन्धमा सर्वोच्च लेखापरीक्षण संस्थाको प्रतिवेदनले सिफारिस गरेका सुझावहरुको कार्यान्वयन गरे/नगरेको अनुगमन गर्न नागरिक समाजको सहभागिता सहितको उपयुक्त विधी निर्धारण गर्ने सहमति भएको छ । जस अनुसार २०१८ जनवरी सम्ममा अनुगमन गर्ने विषय र विधी निर्धारण गरी International Budget Partnership मा पठाउनु पर्ने भएको छ । सो सम्मेलनमा विभिन्न ९ देशका सर्वोच्च लेखापरीक्षण संस्था, नागरिक समाजका प्रतिनिधी तथा अन्तर्राष्ट्रिय विकास साझेदार संस्थाहरुको सहभागिता रहेको थियो ।





माननीय महालेखा परीक्षक Audit Accountability विषयक सम्मेलनमा सहभागि हुदैं ।

माननीय महालेखा परीक्षकज्यू .....

समयमा काम सम्पन्न भएमा ऐन नियम बमोजिम बोनस समेतको भुक्तानी हुने व्यहोरा समेत अवगत गराउन चाहन्छु । तसर्थ निर्माण कार्यको गुणस्तर र समयसीमा पालना गरी उत्कृष्टता प्रर्दशन गर्नु हुनेछ र कुनै पनि बहानामा ढिला हुने छैन भन्ने अपेक्षा राखिएको छ ।

महालेखा परीक्षकको कार्यालयबाट सार्वजनिक कोषको उपयोगको स्वतन्त्र एवं निष्पक्ष परीक्षण गरी यथार्थ स्थिति लेखापरीक्षण प्रतिवेदन मार्फत सार्वजनिक गरेर वित्तीय व्यवस्थापनको कमजोरी सुधार गर्नका लागि सुझाव दिने काम हुदै आएको छ । लेखापरीक्षणबाट मुल्यांकन गर्दा सार्वजनिक निकायको बर्षेनी बेरुजू बढदै गएको यर्थाथता हामी सामु रहेको छ । लेखापरीक्षण नतिजाको कार्यान्वयन मार्फत आर्थिक अनुशासन कायम गर्न सार्वजनिक पदमा बहाल रहेका जिम्मेवार पदाधिकारीहरु सबैले ध्यान दिनु जरुरी छ ।

मैले महालेखा परीक्षकमा नियुक्ती पश्चात् आफ्नो ६ बर्षे कार्ययोजना सार्वजनिक गरेको थिएँ । सो कार्ययोजना अनुसार हाल कार्यालयको आन्तरिक व्यवस्थापनमा सुधारका प्रयासहरु भैरहेका छन् । नेपालको संविधान बमोजिम यस बर्ष देखि स्थानीय तहको लेखापरीक्षण शुरु गरि सकिएको छ । प्रदेश र स्थानीय तहको लेखापरीक्षण गर्ने सन्दर्भमा कार्यालयको पुर्नसंरचना गर्न संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी स्वीकृतिको लागि नेपाल सरकार समक्ष पेश गरिएको छ । संगठन संरचना स्वीकृत हुना साथ प्रदेशस्तर सम्म कार्यालय विस्तार गरिनेछ । यस बाहेक संगठनात्मक व्यवस्था र कार्य प्रणालीमा सुधार, नीति एवंकानुनी सुधार, लेखापरीक्षणको प्रकृयामा सुधार, लेखापरीक्षणको प्रभावकारीता र गुणस्तर अभिवृद्धि, वित्तीय अनुशासन तथा जवाफदेहिता अभिवृद्धि र संस्थागत सम्बन्ध एवं सञ्चारमा सुधार गर्ने कार्ययोजना तयार गरी कार्यान्वयन गरिएको छ ।

यसक्रममा मासिक रुपमा लेखापरीक्षण बुलेटीन प्रकाशन गर्ने एवं नियमित रुपमा प्रेस विज्ञप्ती जारी गर्ने र अन्तरक्रिया मार्फत सुचना सम्प्रेषण गर्ने कार्य भैरहेको छ । यस बर्ष सबै निकायको लेखापरीक्षण विस्तृत रुपमा गर्ने गरी योजनाबद्ध तवरले काम अगाडि बढाइएको छ । विगतमा वर्षौदेखि लेखापरीक्षण हुन नसकि वक्यौता रहेका विभिन्न संस्थानहरु तथा विश्वविद्यालय लगायतको लेखापरीक्षण सम्पन्न गर्ने व्यवस्था मिलाईएको छ । सार्वजनिक निकायका पदाधिकारीहरुको वित्तीय जवाफदेहिता परिपालनाको मुल्यांकन गर्ने प्रयास भैरहेको छ । लेखापरीक्षण पश्चात् स्थलगत रुपमा बेरुजू फछ्यौंट गर्ने र फछ्यौंट हुन नसकेका व्यहोरामात्र प्रतिवेदनमा कायम गर्ने नीति लिईएको छ ।

भवन शिलान्यास पश्चात् समयमै निर्माण सम्पन्न हुने विषयले विशेष महत्व राख्दछ । हाम्रो परिप्रेक्ष्यमा अधिकांश भौतिक पूर्वाधार र संरचना निर्माणका काम थालनी भएपछि समयमा सम्पन्न नहुने, गुणस्तरीय कार्य नहुने र बीचैमा काम छोड्ने प्रवृति छ । यस्ता तिता अनुभवबाट पाठ सिकेर यो भवन तोकिएको समयमा सम्पन्न गराउन सबैको सहयोग प्राप्त हुनेमा म विश्वस्त छु । यो संवैधानिक निकायको कार्यालय भवन हो । यो भवन समयमा निर्माण गर्न सकिएमा अन्य निकायको लागि समेत उदाहरण हुने अवस्था रहन्छ । तसर्थ म यसको निर्माणमा संलग्न निर्माण व्यावसायी, ईन्जिनियर, कार्यालयका कर्मचारी लगायत सबैलाई तोकिएको समयमा कार्यसम्पादन गर्न विशेष ध्यान केन्द्रित गर्न आग्रह गर्दछु ।

(महालेखा परीक्षकज्यूले कार्यालय भवन शिलन्यास समारोहमा दिनुभएको मन्तव्यको आधारमा सम्पादन गरीएको)

टंकमणि शर्मा (दंगाल)
महालेखा परीक्षक

Audit Opinion



निर्देशक रमेश ढकाल

Unqualified opinion, fair position को ।
Qualified opinion, सारभूत असरको ॥
Adverse हुन्छ opinion, सार अमान्यको ।
Disclaimer तब हुन्छ, प्रमाण बेगरको ॥

आधार सित घटना जोडी, कारण खुलाएर ।
Opinion Thesis बन्छ, सार खुलाएर ॥
जारी गर्दा Opinion, ध्यान दिनुपर्छ ।
असर प्रभाव बुझिकन, अघि बढ्नुपर्छ ॥

अडिटको मुख्य बुझाई, position को रुप ।
Disclose गर्नुपर्ने, opinion धूप ॥
Objectives र Procedure को, सुवास छर्नुपर्छ ।
Basket बाट सार रोजी, कुरा खोल्नुपर्छ ॥

Standard र कानूनको, आधार लिनुपर्छ ।
सारभूतको असर बुझ्न, गोडमेल गर्नुपर्छ ॥
मिठो फल तब हुन्छ, आधार मन्तव्यको
असल हुन्छ पेशा सधैं, Report खुलासाको ॥

महालेखा परीक्षकज्यूबाट लेखापरीक्षण डोरलाई निर्देशन



माननीय महालेखा परीक्षक दोस्रो चरणको लेखापरीक्षणमा खटिएका लेखापरीक्षण टोलीसँग छलफल गर्दै ।

मिति २०७४ मंसिर २७,

२०७४ मंसिर २५, २६ र २७ गते दोस्रो चरणमा लेखापरीक्षण भएका ३४ जिल्लाको लेखापरीक्षण गर्न खटिएका ४९ टोलीले माननीय महालेखा परीक्षकज्यू समक्ष लेखापरीक्षणका क्रममा देखिएका महत्वपूर्ण व्यहोराहरुको सम्बन्धमा प्रस्तुतिकरण गऱ्यो । उक्त प्रस्तुतिकरण तथा छलफल पश्चात् माननीय महालेखा परीक्षकज्यूबाट तेस्रो चरणको लेखापरीक्षणको लागि खटिने कर्मचारीहरुलाई देहाय बमोजिमका व्यहोराहरु ध्यान दिई लेखापरीक्षण सम्पन्न गर्ने निर्देशन दिनुभएको छ ।

- आर्थिक कार्यविधि ऐन, नियममा आर्थिक प्रशासन शाखा प्रमुखको काम कर्तव्य अधिकार तोकिएको छ निजहरुले सो बमोजिम कार्यसम्पादन गरे नगरेको व्यहोराहरु उजागर गर्ने र नगरेकोमा कारबाही हुने व्यहोरा स्पष्ट रुपमा उठाउने लेखापरीक्षणको क्रममा लेखा समुहका कर्मचारीहरुको भूमिका बारे मूल्यांकन गरी हेर्नु पर्ने ।
- आन्तरिक लेखापरीक्षणको अवस्था बारे मूल्यांकन गरी उल्लेख गर्ने ।
- स्थलगत लेखापरीक्षणमा खटिने टोलीलाई निर्देशनालयहरुले स्पष्ट लेखापरीक्षण योजना र जाँच विधिको ढाँचा वा परीक्षण सूची (Testing Template or Checklist) उपलब्ध गराउने ।
- सरकारी निकायहरुले प्रवाह गर्ने सेवाबारे अलि बढी महत्व दिई हेर्ने ।
- कुनै निकायले नियतवश वा लापरवाही तरिकाले गलत काम गरेको देखिएमा जोखिमयुक्त निकायको रुपमा संकेत (Red Flagging) गर्ने विगतको अनुभवमा शहरी विकास, शिक्षा, स्वास्थ्य, सिंचाई, भौतिक पूर्वाधार निकाय नै जोखिमयुक्त निकायको रुपमा देखिएकाले सोही बमोजिम त्यसलाई आवश्यक लेखापरीक्षण योजना बनाई हेर्ने ।
- लेखापरीक्षण ऐनले हेर्नु पर्ने भनेका व्यहोराहरु समावेस गरी सार्वजनिक श्रोत साधनको प्राप्ती तथा उपयोग सम्बन्धमा भएका गलत कार्यहरु तथा भ्रष्टाचार उन्मुख (Leading to corruption Case) क्रियाकलापहरु बारे उल्लेख गर्ने ।
- स्थानीय तहहरु नयाँ भएको र प्रणालीगत व्यवस्था मजबूद भई नसकेकोले वित्तीय अनुशासन कमजोर बन्न गएको देखिन्छ त्यसैले त्यसतर्फ आवश्यक ध्यान दिई लेखापरीक्षण योजना तयार गर्ने र सो को कार्यान्वयन गर्ने ।

- लेखापरीक्षणको विधि र प्रक्रियाका पक्षमा पनि आवश्यक सुधार गर्ने लेखापरीक्षकले हेरेका जाँचेका र सो को आधारमा देखिएका व्यहोराहरु स्पष्ट रुपमा प्रतिवेदन गर्ने स्पष्ट आधार पहिचान गरी जाँच गर्ने र सोही आधार मुताविकको लेखापरीक्षण निष्कर्ष निकाल्ने ।
- प्राविधिकरुपले जटिल विषयहरु बारे सम्बन्धित क्षेत्रको नायव-महालेखापरीक्षकसँग समन्वय गरी विशेषज्ञको सेवा लिने ।
- विद्युतीय लेखापरीक्षण कार्यपत्र (Electric Working paper) को प्रयोग गर्ने ।
- जाँच विधिको ढाँचा वा परीक्षण सूची (Testing Template or Checklist) र विद्युतीय लेखपरीक्षण कार्यपत्र (Electronic Working paper) बारे कर्मचारीहरुलाई तालिम प्रदान गर्ने ।
- दोश्रो चरणको लेखापरीक्षण गरी फर्केका टोलीबाट कुनै निकाय वा स्थानीय तहको प्रारम्भिक प्रतिवेदन पठाउन बाँकि भए तुरुन्त पठाउने प्रतिवेदनलाई अझ परिस्कृत गर्न आवश्यक भएकोमा सम्बन्धित नायव-महालेखापरीक्षक र उप-महालेखापरीक्षकले हेर्ने ।
- नियमित हुने प्रकृतिका व्यहोरा स्थलगत रुप मै फछ्यौट गर्न पहल गर्ने ।
- लेखापरीक्षण गरिएका जिल्लास्थित निकायहरुको उल्लेख बेरुजुहरु समेटी एक पृष्ठको प्रतिवेदन तयार गर्ने ।
- लेखापरीक्षण गरिएका जिल्लास्थित निकायहरुको वित्तीय जवाफदेहिता सूचक (Financial Accountability Index) सम्बन्धि एक पृष्ठको विवरण तयार गर्ने
- अन्तर टोली, अन्तर जिल्ला टोली तथा सुपरीवेक्षकसँगको आन्तरिक संचारलाई प्रभावकारी बनाउने टोलीले जिल्लामा गरेका क्रियाकलाप तथा गतिविधि कार्यालयको संचार सेलमा उपलब्ध गराउने ।
- प्रतिवेदन जारी पूर्वको गुणस्तर पूनरावलोकनलाई थप प्रभावकारी बनाउने ।
- प्रतिवेदन जारी पश्चात्को गुणस्तर पूनरावलोकन (Post Issuacne Quality Reviews) कार्य अगाडि बढाउने ।
- काठमाडौं उपत्यकाको कामलाई पनि अन्तिमरुप दिई काम सकेर मात्र तेश्रो चरणको स्थलगत लेखापरीक्षणमा खटाउने ।
- जिल्ला स्थित निकायहरु खास गरी जिल्ला प्रशासन कार्यालय, कोष तथा लेखा नियन्त्रण कार्यालयबाट लेखापरीक्षणको लागि आवश्यक सहजीकरण भए नभएको बारे उल्लेख गर्ने ।
- तेश्रो चरणको स्थलगत लेखापरीक्षणमा खटिने टोलीको अभिमूखीकरण तालिमको तालिका तयार गर्ने यसमा क्षेत्रगत विषयहरुसँग सम्बन्धित नायव महालेखापरीक्षकहरुले विशेषरुपमा जाँच विधिको ढाँचा वा परीक्षण सूची (Testing Template or Checklist) तयार गरी टोलीलाई उपलब्ध गराउन पहल गर्ने ।
- स्थलगत लेखापरीक्षणको टोली गठन गर्दा टोलीमा कम्तिमा एक जना सूचना प्रविधिमा दखल भएको कर्मचारी पर्ने गरी टोली निर्माण गर्ने ।
- पहिलो र दोश्रो चरणको लेखापरीक्षणको अनुभव समेतको आधारमा स्थानीय तहको लेखापरीक्षणमा थप सुधार गर्नु पर्ने विषयहरु बारे स्थानीय तह लेखापरीक्षण महानिर्देशनालय र सम्बन्धित उप-महालेखापरीक्षकले आवश्यक व्यवस्था गर्नु पर्ने ।
- जिल्लामा खटिएको स्थलगत लेखापरीक्षण टोलीलाई पर्याप्त समय उपलब्ध भए नभएको बारे सम्बन्धित लेखापरीक्षण महानिर्देशनालय र सम्बन्धित उप-महालेखापरीक्षकले विचार गर्ने ।
- सामयिक लेखापरीक्षणको अवस्था बारे प्रगति विवरण सम्बन्धित लेखापरीक्षण महानिर्देशनालयहरुले तयार गरी पेश गर्ने
- बार्षिक प्रतिवेदन तयारीको लागी विभिन्न समिति गठन गर्ने ।

महालेखा परीक्षकको कार्यालय भवन शिलान्यास कार्यक्रम तस्वीरमा



माननीय महालेखा परीक्षक श्री टंकमणि शर्मा (दंगाल)ज्यू भवन शिलान्यासका क्रममा वैदिक विधि अनुसारको पुजा कार्यक्रममा सहभागी हुँदै ।



सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूलाई स्वागत गर्नुहुँदै माननीय महालेखा परीक्षक श्री टंकमणि शर्मा (दंगाल)



माननीय महालेखा परीक्षक श्री टंकमणि शर्मा (दंगाल)ज्यलू भवन शिलान्यास कार्यक्रममा सम्बोधन गर्नुहुदैं ।



भवन शिलान्यास कार्यक्रममा मंगल धुन प्रस्तुत गर्दै नेपाली सेनाको व्याण्ड



भवन शिलान्यास कार्यक्रममा उपस्थित अतिथिगणहरु



भवन शिलान्यास कार्यक्रममा सहभागी बाँयाबाट क्रमशः अख्तियार दुरुपयोग अनुसन्धान आयोगका माननीय प्रमुख आयुक्त श्री दीप बस्न्यात, लोक सेवा आयोगका माननीय अध्यक्ष श्री उमेश प्रसाद मैनाली माननीय महालेखा परीक्षक श्री टंकमणि शर्मा (दंगाल) र निर्वाचन आयोगका माननीय प्रमुख निर्वाचन आयुक्त डा. अयोधीप्रसाद यादव



भवन शिलान्यास कार्यक्रम पश्चात् माननीय महालेखा परीक्षकज्यूसंग सामुहिक तस्वीर लिदै कर्मचारीहरु ।

महालेखा परीक्षकको कार्यालय भवन .....

सो अवसरमा माननीय महालेखा परीक्षक श्री टंकमणि शर्मा, दंगालले मुलुकको वित्तीय प्रशासन र व्यवहारमा देखिएका समस्या समाधान गरी आर्थिक अनुशासन कायम गर्न सम्माननीय राष्ट्रपतिज्यूबाट प्राप्त मार्गदर्शन समेत समेटी महालेखा परीक्षकको ६ वर्षे कार्ययोजना (२०७४-२०८०) कार्यान्वयनमा ल्याइएको बताउनु भयो । साथै आवश्यक भौतिक पूर्वाधार र उपयुक्तकार्य वातावरण सिर्जना गर्न भवन निर्माण कार्य समयमै सम्पन्न गरी संविधान तथा कानुनले अपेक्षा गरे अनुसारको गुणस्तरीय लेखापरीक्षण सेवा प्रवाहमा कार्यालयको तर्फबाट प्रतिबद्धता व्यक्त गर्नु भएको थियो ।

अनामनगर स्थित नेपाल सरकारले उपलब्ध गराएको १० रोपनी १३ आना जग्गामा २ तला जमिनमुनि र ७ तला जमिन माथि गरी जम्मा ९ तला निर्माण हुन गइरहेको उक्त भवनको floor area १११५९ वर्ग मिटर हुनेछ। लागत अनुमान रु.६९ करोड २१ लाख रहेको (मूल्य अभिवृद्धि कर र कन्टेन्जेन्सी रकम बाहेक) उक्त भवन २०७६ भाद्र २० सम्ममा सम्पन्न गर्न निर्माण व्यवसायी लुम्बीनी/गौरी पार्वती/शान्ती जे. भि.सँग रु.५४ करोड २२ लाख (मूल्य अभिवृद्धि कर र कन्टेन्जेन्सी रकम बाहेक) मा सम्झौता भएको छ ।

PRE-ISSUENCE REVIEW

महालेखा परीक्षकको कार्ययोजाना (२०७४-२०८०) मा लेखापरीक्षण प्रतिवेदन जारी गर्नुपूर्व गुणस्तर आश्वस्तता पुनरावलोकन गरिने व्यवस्था छ । उक्त व्यवस्था अनुसार आर्थिक बर्ष २०७३/७४ को दोस्रो चरणको लेखापरीक्षण डोरमा खटिएका विभिन्न ३४ जिल्लाका ३७ लेखापरीक्षण टोलीले प्रारम्भिक प्रतिवेदन जारी गर्नु पूर्व गुणस्तर पुनरावलोकनका लागी छनौट गरिएका कार्यालयको प्रारम्भिक प्रतिवेदनका मस्यौदा कार्यालयमा पेश गरेका छन् ।

गुणस्तर आश्वस्तता पुनरावलोकनका लागि आवश्यक सुचांकहरु तयार गरी मस्यौदा प्रतिवेदन परीक्षण पश्चात् सुधार गर्न आवश्यक देखिएका व्यहोराहरु समावेश गरी सम्बन्धित टोलीलाई जानकारी गराइएको छ । यस कार्यबाट विभिन्न टोलीको कार्य मूल्यांकन गरी लेखापरीक्षण प्रतिवेदनको गुणस्तर अभिवृद्धी गर्न र कार्यगत एकरुपता कायम गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

कार्तिक महिनाको कार्यालय गतिविधिहरू

सर्वोच्च लेखापरीक्षण संस्था बीच कार्यशाला गोष्ठी

२०७४ कार्त्तिक २०,

नेपाल र नर्वेको महालेखापरीक्षकको कार्यालय बीच सन् २००८ देखि भएको आपसी सहयोग सम्बन्धी समझदारी अनुरुप २०७४ कार्तिक २० देखि २४ सम्म नर्वेको महालेखा परीक्षकको कार्यालयका विशेषज्ञको सहभागीतामा "Post Workshop Audit Quality Review Mission for Financial and Performance Audit" विषयक कार्यशाला गोष्ठीको आयोजना गरियो । उक्त गोष्ठीमा नर्वेको महालेखापरीक्षक कार्यालय तर्फबाट सिनियर एडभाइजर Trygve Christiansen को नेतृत्वमा ५ सदस्यीय टोली तथा यस कार्यालयको तर्फबाट ५ जना कर्मचारीहरुको सहभागीता रहेको थियो ।

उक्त गोष्ठीमा वित्तीय लेखापरीक्षणबाट ५ लेखापरीक्षण टोली प्रमुख र एक कार्यमूलक लेखापरीक्षण टोलीको लेखापरीक्षण प्रक्रियाको पुनरावलोकन गरिएको थियो । साथै दुवै लेखापरीक्षण टोलीबीच लेखापरीक्षणको सन्दर्भमा देखिएका व्यहोरा र आगामी दिनमा गर्नुपर्ने सुधारका विषयमा समेत छलफल भएको थियो ।



नेपाल र नर्वेको महालेखा परीक्षकको कार्यालय बीच आयोजना गरिएको कार्यशाला गोष्ठीमा सहभागी कर्मचारीहरु

महालेखा परीक्षकको उपस्थितिमा स्वास्थ्य मन्त्रालयसँग अन्तरक्रिया

२०७४ कार्तिक १७,

माननीय महालेखा परीक्षक श्री टंकमणि शर्मा (दंगाल) र स्वास्थ्य सचिव डा. किरण रेग्मी सहितको टोली बीच स्वास्थ्य मन्त्रालय र अर्न्तगतका कार्यालयहरुको लेखापालन तथा व्यवस्थापन, लेखापरीक्षण र स्वास्थ्य सेवा प्रवाह लगायतका विषयमा महालेखापरीक्षकको कार्यालय, बबरमहलमा छलफल तथा अन्तर्क्रिया सम्पन्न भयो ।

कार्यक्रममा महालेखा परीक्षक शर्माले स्वास्थ्य सेवा प्रवाह, कर्मचारी व्यवस्थापन, सम्पत्ति व्यवस्थापन, आर्थिक अनुशासन र सुचना प्रविधिलाई निर्णय प्रक्रिया तथा सेवा सुधारमा उपयोग गर्नु पर्नेमा जोड दिनुभएको थियो । यसै गरी महालेखापरीक्षकको कार्यालयका तर्फबाट स्वास्थ्य मन्त्रालय र अन्तर्गतका कार्यालयहरुमा लेखापरीक्षणबाट देखिएको वित्तीय अनुशासन पालनाको स्तर र व्यहोराहरु बारे जानकारी गराइएको थियो ।

सो अवसरमा स्वास्थ्य सचिव रेग्मीले मन्त्रालयको कार्य प्रगति अवस्था बारे जानकारी गराउदै लेखापरीक्षणबाट दिईएका सुझावहरुको कार्यान्वयन गर्न प्रतिबद्ध रहेको बताउनु भयो । कार्यक्रममा स्वास्थ्य मन्त्रालयको टोलीले मन्त्रालयले संचालनमा ल्याएको लेखापालन तथा बजेट नियन्त्रण प्रणाली (TABUCS) बारे प्रस्तुतिकरण समेत गरेको थियो ।



माननीय महालेखा परीक्षक श्री टंकमणि शर्मा (दंगाल) र स्वास्थ्य सचिव डा. किरण रेग्मी

महालेखा परीक्षकसँग नेपाल सरकारका मुख्य सचिवको भेटघाट

२०७४ कार्त्तिक १६ गते,

माननीय महालेखा परीक्षक श्री टंकमणि शर्मा (दंगाल) सँग नेपाल सरकारका मुख्य सचिव श्री लोकदर्शन रेग्मीले भेटघाट गर्नुभयो । भेटघाटका क्रममा आर्थिक वर्ष २०७३/७४ को लेखापरीक्षण स्थिति, महालेखा परीक्षकको ६ वर्षे कार्ययोजना, प्रथम चरणको लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोराहरु लगायतका समसामयिक विषयमा छलफल भयो । सो अवसरमा मुख्य सचिव रेग्मीले वित्तीय अनुशासन कायम गर्न र लेखापरीक्षणबाट औंल्याइएका व्यहोराहरुको कार्यान्वयनमा नेपाल सरकारको प्रतिवद्धता व्यक्त गर्नुभयो ।



माननीय महालेखा परीक्षक श्री टंकमणि शर्मा (दंगाल) र नेपाल सरकारका मुख्य सचिव श्री लोकदर्शन रेग्मी

महालेखा परीक्षकसँग अर्थ सचिवको भेटघाट

२०७४ कार्त्तिक १६ गते,

माननीय महालेखा परीक्षक श्री टंकमणि शर्मा (दंगाल) सँग अर्थ सचिव श्री शंकरप्रसाद अधिकारी सहितको टोलीले महालेखापरीक्षकको कार्यालय, बबरमहलमा लेखापरीक्षणका समसामयिक विषयमा छलफल गऱ्यो । उक्त छलफल सार्वजनिक वित्तीय व्यवस्थापनका विविध पक्ष तथा बहुदाता कोषको सहयोगमा सञ्चालन हुने आयोजनाको व्यवस्थापनमा केन्द्रित भएको थियो सो अवसरमा अर्थ सचिव अधिकारीले मुलुकमा वित्तीय जवाफदेहिता र पारदर्शीता कायम गर्न अर्थ मन्त्रालयले नेतृत्वदायी भूमिका निर्वाह गर्ने बताउनुभयो भने महालेखा परीक्षक शर्माले आन्तरिक नियन्त्रण, आन्तरिक लेखापरीक्षण र अनुगमन कार्यलाई प्रभावकारी र नतिजामूलक बनाई लेखापरीक्षण प्रतिवेदनको कार्यान्वयनमा सम्बन्धित निकायले ध्यान दिनुपर्ने कुरामा जोड दिनुभएको थियो ।



माननीय महालेखा परीक्षक श्री टंकमणि शर्मा (दंगाल) र अर्थ सचिव श्री शंकरप्रसाद अधिकारी सहितको टोली भेटघाट पछि सामुहिक तस्विर लिदै ।

अनुमगन समिति गठन

२०७४ कार्त्तिक २० गते,

महालेखा परीक्षकको ६ बर्षे कार्ययोजनाको कार्यान्वयन एंव उपलब्धिको अनुगमन गर्न देहाय बमोजिमका पदाधिकारीहरु अनुगमन समिति गठन गरिएको छ । कार्ययोजनामा उल्लेखित विषयहरु कार्यान्वयनका लागि सूचित गर्ने, मासिक रुपमा प्रगति लिने र कार्ययोजना कार्यान्वयन गर्ने शिलशिलामा आइपरेका समस्या बारे महालेखापरीक्षकलाई जानकारी गराउने जिम्मेवारी सो समितिको रहेको छ ।

क्र.सं.	पदाधिकारीको नाम	पद
१.	उप-महालेखा परीक्षक श्री रामुप्रसाद डोटेल	संयोजक
२.	नायब महालेखा परीक्षक श्री उद्धवचन्द्र श्रेष्ठ	सदस्य
३.	नायब महालेखा परीक्षक श्री पदमराज पौडेल	सदस्य
४.	निर्देशक श्री चन्द्रकान्त भण्डारी	सदस्य
५.	निर्देशक श्री महेश पौडेल	सदस्य
६.	निर्देशक श्री नेत्रप्रसाद पौडेल	सदस्य-सचिव

समिति पुर्नगठन

२०७४ कार्त्तिक २१ गते,

लेखापरीक्षण कार्यको समग्र गुणस्तर व्यवस्थापनको नेतृत्व, निर्देशन र समन्वय गर्न गुणस्तर आश्वस्तता हेण्ड बुक २०१२ अनुसार गठित गुणस्तर आश्वस्तता समितिको पुर्नगठन गरिएको छ । उक्त समितिमा देहाय बमोजिमका पदाधिकारीहरु रहेका छन् ।

क्र.सं.	पदाधिकारीहरुको नाम	पद
१.	उपमहालेखा परीक्षक श्री रामुप्रसाद डोटेल	संयोजक
२.	नायब महालेखा परीक्षक श्री बिन्दु विष्ट	सदस्य
३.	नायब महालेखा परीक्षक श्री पदमराज पौडेल	सदस्य
४.	निर्देशक श्री नारायण एमसी	सदस्य-सचिव
५.	निर्देशक श्री नेत्रप्रसाद पौडेल	सदस्य

२०७४ कार्तिक र मंसिर महिनामा विभिन्न वैदेशिक तालिम तथा कार्यक्रममा सहभागी कर्मचारीहरू

सि.नं	कर्मचारीको नाम	पद	कार्यक्रमको नाम	देश	अवधि
१	श्री इश्वर नेपाल	उप-महालेखापरीक्षक	नेपाली दुतावासको लेखापरीक्षणको सुपरभिजन	क्यानडा, अमेरिका	Nov 23- Dec 4, 2017
२	श्री विश्वनाथ रेग्मी	नायव-महालेखापरीक्षक	नेपाली दुतावासको लेखापरीक्षण	जर्मनी, बेल्जीयम	Nov 11-22,2017
३	श्री सुवर्णप्रसाद ढकाल	नायव-महालेखापरीक्षक	SAI Engaging With Stakeholder	कम्बोडिया	Nov 26- Dec 8, 2017
४	श्री पदमराज पौडेल	नायव-महालेखापरीक्षक	ASOSAI Seminar	कुवेत	Dec 10-14, 2017
५	श्री अशोक कुमार कार्की	निर्देशक	नेपाली दुतावासको लेखापरीक्षण	क्यानडा, अमेरिका, संयुक्त अरव इमिरेटस	Nov 23- Dec 16, 2017
६	श्री शम्भुकुमार श्रेष्ठ	निर्देशक	Quality Assurance Review Metting	फिलिपिन्स	Nov 20- 23, 2017
७	श्री रामप्रसाद उपाध्याय	निर्देशक	Auditing SDGs Progarmme Audit Planning meeting	भारत	Dec 4- 8, 2017
८	श्री थवराज अधिकारी	निर्देशक	Quality Assurance workshop	जर्जिया	Nov 6- 10, 2017
९	श्री रमेशबाबु केसी	निर्देशक	SAI Engaging With Stakeholder	कम्बोडिया	Nov 26- Dec 8, 2017
१०	श्री कुलचन्द्र भण्डारी	निर्देशक	Quality Assurance workshop	जर्जिया	Nov 6- 10, 2017
११	श्री रमेश नेपाल	लेखापरीक्षण अधिकारी	नेपाली दुतावासको लेखापरीक्षण	साउदी अरब, कुवेत, बहराइन, जर्मनी, बेल्जीयम	Oct 29 - Nov 21, 2017
१२	श्री हरीबाबु थापा	लेखापरीक्षण अधिकारी	ICED (Interaction centre for Environmental Audit and Sustainale Development)	भारत	Nov 20- Dec 2, 2017
१३	श्री दुर्गाप्रसाद पन्थी	लेखापरीक्षण अधिकारी	Auditing SDGs Progarmme Audit Planning meeting	भारत	Dec 4- 8, 2017
१४	श्री कल्पना घिमिरे	लेखापरीक्षण अधिकारी	Quality Assurance workshop	जर्जिया	Nov 6- 10, 2017
१५	श्री पिन्की कुमारी दास	लेखापरीक्षण अधिकारी	Auditing SDGs Progarmme Audit Planning meeting	भारत	Dec 4- 8, 2017

महालेखापरीक्षकको कार्यालयबाट २०७४ कार्तिक र मंसिर महिनामा अवकाश भएका कर्मचारीहरू

सि.नं	पद	कर्मचारीको नाम	शुरु नियूक्ति	अवकाश मिति	कैफियत
१	नायव-महालेखापरीक्षक	श्री गोबिन्द प्रसाद बराल	२०३९/०८/१३	२०७४/०७/२२	अनिवार्य
२	निर्देशक	श्री माधवप्रसाद लामिछाने	२०३५/११/०१	२०७४/०७/०१	अनिवार्य
३	निर्देशक	श्री लिलाराज ढकाल	२०५४/०६/१४	२०७४/०८/०१	राजिनामा
३	लेखापरीक्षण अधिकारी	श्री सविना चित्रकार	२०३५/०५/०५	२०७४/०८/१५	अनिवार्य

महालेखापरीक्षकको कार्यालयमा २०७४ मंसिर महिनामा नयाँ नियुक्ती भएका कर्मचारीहरू

सि.नं	पद	कर्मचारीको नाम	शुरु नियूक्ति	कैफियत
१	लेखापरीक्षण अधिकारी	श्री रमेश उपाध्याय	२०७४/०८/१४	लोक सेवा आयोगको मिति २०७४ मंसिर १२ को सिफारिस अनुसार
२	लेखापरीक्षण अधिकारी	श्री भिमप्रसाद रिजाल	२०७४/०८/१४	
३	लेखापरीक्षण अधिकारी	श्री दिनेश बराल	२०७४/०८/१४	
४	लेखापरीक्षण अधिकारी	श्री त्रिलोचन भट्टराई	२०७४/०८/१४	
५	लेखापरीक्षण अधिकारी	श्री दिपकबहादुर सिंह	२०७४/०८/१४	
६	लेखापरीक्षण अधिकारी	श्री जानकी भण्डारी	२०७४/०८/१४	
७	लेखापरीक्षण अधिकारी	श्री चन्द्रशेर राई	२०७४/०८/१४	
८	लेखापरीक्षण अधिकारी	श्री दिलकुमार राई	२०७४/०८/१४	
९	लेखापरीक्षण अधिकारी	श्री विवेकानन्द झा	२०७४/०८/१४	
१०	लेखापरीक्षण अधिकारी	श्री बाबुराम भुल	२०७४/०८/१४	

महालेखापरीक्षकको कार्यालयबाट २०७४ मंसिर महिनामा रमाना भई जाने कर्मचारीहरू

सि.नं	पद	कर्मचारीको नाम	रमाना भएको मिति	कैफियत
१	लेखापरीक्षण अधिक्षक	श्री भीमलाल महर्जन	२०७४/०८/२५	नेपाल सरकारको रा.प द्वितिय श्रेणी/शासा अधिकृतमा सिफारिस
२	लेखापरीक्षण अधिक्षक	श्री बसन्त नेपाल	२०७४/०८/२५	
३	लेखापरीक्षण अधिक्षक	श्री विनोद सापकोटा	२०७४/०८/२५	
४	लेखापरीक्षण अधिक्षक	श्री विष्णुलाल पूरी	२०७४/०८/२५	
५	लेखापरीक्षण निरीक्षक	श्री हरिशरण न्यौपाने	२०७४/०८/२५	
६	लेखापरीक्षण निरीक्षक	श्री इन्द्र बहादुर खतिवडा	२०७४/०८/२५	

कर्मचारी विदाई

२०७४ कार्त्तिक २१,

महालेखा परीक्षकको कार्यालयमा विगत लामो समय देखि कार्यरत रही नायब महालेखा परीक्षक पदबाट सेवा निवृत्त हुनुभएका श्री गोविन्दप्रसाद बराल र लेखापरीक्षण अधिकारी श्री खेमप्रसाद ढकाललाई एक कार्यक्रमका बीच विदाई गरियो ।

उक्त कार्यक्रममा महालेखापरीक्षक श्री टंकमणि शर्मा (दंगाल)ले अवकाश प्राप्त कर्मचारीहरुले कार्यालयमा पुऱ्याउनु भएको योगदानको कदर गर्दै अवकाश पछिको सुखद जीवनका लागि शुभकामना दिनु भयो । साथै उँहाले सेवानिवृत्त कर्मचारीहरुले आफुले प्राप्त गरेका ज्ञान, सिप र क्षमता राष्ट्रको सेवाका लागि प्रयोग गर्न र अवकाश प्राप्त जीवनलाई क्रियाशिल राख्न समेत अनुरोध गर्नुभयो ।



महालेखा परीक्षकको कार्यालयबाट सेवानिवृत्त कर्मचारीहरुलाई कदर-पत्र सहित विदाई गर्दै माननीय महालेखा परीक्षकज्यू ।

सो अवसरमा सेवानिवृत्त कर्मचारीहरुले आफुले लामो समय सम्म कार्यालयमा रही गरेको सेवाको स्मरण गर्दै सेवानिवृत्त पश्चात् पनि महालेखापरीक्षकको कार्यालयलाई आवश्यक परेको बखत सेवा र सक्दो सहयोग गर्ने बताउनु भयो ।

भावपूर्ण श्रद्धाञ्जली
एवं
हार्दिक समवेदना



जन्म
वि.सं. १९८८
चैत्र १२

स्वर्गारोहण:
वि.सं. २०७४
मंसीर २

स्व. वेदमाया तिमिल्सिना

यस कार्यालयका निर्देशक श्रीराम तिमिल्सिना कि पुजनीय माता स्व.वेदमाया तिमिल्सिना को असामयिक स्वर्गारोहण भएकोमा दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै सम्पुर्ण शोकसन्तप्त परिवारहरु प्रति हार्दिक एवं भावपूर्ण समवेदना प्रकट गर्दछौ र यस दुःखद घडीमा सबैमा धैर्यधारण गर्ने सक्ने शक्ति प्रदान गरुन् भनी इश्वरसँग प्राथना गर्दछौ ।

महालेखा परीक्षक टंकमणि शर्मा (दंगाल)
तथा
महालेखा परीक्षकको कार्यालय परिवार

बेरुजु:



-विमल पौडेल

लेखापरीक्षण गर्दा लेखापरीक्षकले जे पत्ता लाउँछ ,
जो छ अनियमित कारोबार सो बेरुजु कहलाउँछ ।

राज्यले दिनुपर्छ फछ्यौंटमा, महत्वपूर्ण स्थान,
बेरुजु बढ्दैछ दिनदिन फेरी घट्दैछ अनुशासन ।

भिन्न छ यसको प्रभाव, स्वरुप छ यसको विचित्र,
वृद्धिमा प्रभाव देखिन्छ हाम्रो तर झल्किन्छ राज्यको चरित्र ।

असुल, अनियमित र पेश्की रहन्छन् यसका प्रकार,
बेरुजु बढ्दा घट्नेछ वित्तीय अनुशासनको आधार ।

नैतिकता र आचरणले बढाउँदै नियन्त्रणको सीमा,
घटाउँ बेरुजु, बढाउ सुशासन यसैमा रहन्छ हाम्रो गरिमा ॥

महालेखा परीक्षकको कार्यालय
बबरमहल, काठमाडौं

सार्वजनिक अनुरोध

नेपालको संविधान, लेखापरीक्षण ऐन, २०४८ र अन्य प्रचलित कानूनले तोके बमोजिमका निकायहरुको लेखापरीक्षण गर्न २०७४ मंसिरको अन्तिम हप्ता देखि दार्चुला, बैतडी, डडेल्धुरा, कञ्चनपुर, डोटी, अछाम, कैलाली, बाँके, बर्दिया, दाङ, रुपन्देही, नवलपरासी, कपिलवस्तु, चितवन, काभ्रेपलान्चोक, मकवानपुर, पर्सा, बारा, रौतहट, सर्लाही, महोत्तरी, धनुषा, सिराहा, सप्तरी, सुनसरी, मोरङ, ताप्लेजुङ र झापा लगायत २८ जिल्लामा यस कार्यालयबाट लेखापरीक्षण टोली खटाइएको छ । सार्वजनिक स्रोत साधनको प्राप्ति र उपयोग, विकास निर्माण, राजस्व तथा खर्च र सेवा प्रवाहका सम्बन्धमा कुनै किसिमको अनियमितता, दुरुपयोग वा हिनामिनाका विषय लेखापरीक्षणको सिलसिलामा हेर्न सकिने हुँदा कुनै जानकारी भएमा यस कार्यालयबाट खटिएको लेखापरीक्षण टोली वा यस कार्यालयलाई जानकारी गराईदिनु हुन अनुरोध गरिन्छ ।

उल्लेखित २८ जिल्लामा खटिने कर्मचारीको नाम, सम्पर्क नं. र इमेल यस कार्यालयको वेभसाइटमा समेत राखिएको छ । साथै यस कार्यालयबाट सम्पादन गरिने कामको सम्बन्धमा गरिनुपर्ने सुधारका विषयमा कुनै सुझाव सल्लाह एवं गुनासो भएमा देहायको ठेगानामा जानकारी गराई उद्देश्य मूलक, विश्वसनीय र गुणस्तरीय लेखापरीक्षण गराउने कार्यमा सहयोग पुऱ्याउन सर्वसाधारण सबैमा अनुरोध गरिन्छ ।

पत्राचार वा सम्पर्क गर्ने ठेगाना

महालेखा परीक्षकको कार्यालय, बबरमहल काठमाडौं ।
पोष्ठ बक्स नं. १४४२८
फ्याक्स नं. ०१-४२६२७९८, ४२६८३०९
इमेल : oagnep@ntc.net.np, info@oag.gov.np
वेभसाइट : www.oagnep.gov.np
कार्यालयको उजुरी पेटिका
सम्बन्धित जिल्ला स्थित लेखापरीक्षण डोरमुकाम

१६१८०१४२५३२७० डायल गरी महालेखा परीक्षकको कार्यालयको जरुरी सुचना बारे जानकारी लिन सकिनेछ ।